

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरून्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क १३७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ जेठ १७ गते बिहीबार ❑ 30 May 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## गण्डकी प्रदेशका मुख्यमन्त्री तथा मन्त्रीद्वयद्वारा शपथ ग्रहण

पोखरापत्र संवाददाता
पोखरा, १६ जेठ



गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले सपथ ग्रहण गर्नुभएको छ।

गण्डकी प्रदेशका प्रदेश प्रमुख डिल्लीराज भट्टले मुख्यमन्त्री पाण्डेलाई बुधबार पोखरा सभागृहमा सपथ ग्रहण गराउनु भएको हो । साथै मुख्यमन्त्री पाण्डेले थप दुई मन्त्रालय विस्तार गर्नु भएको छ।

मुख्यमन्त्री पाण्डेले कांग्रेका विन्दुकुमार थापालाई सामाजिक बिकास तथा स्वास्थ्य मन्त्रालयको जिम्मा दिनु भएको छ । कांग्रेसको गण्डकी प्रदेशसभा संसदीय दलका उपनेता थापा प्रदेशसभाको अघिल्लो कार्यकालमा कृष्णचन्द्र नेपाली पोखरेल नेतृत्वको मन्त्रिपरिषदमा कानुन मन्त्री बनेका थिए । उनले यसअघि पाण्डे नेतृत्वको सरकारमा पनि मन्त्री बन्न प्रयास गरेका थिए। मन्त्री थापा यसअघि कृष्णचन्द्र नेपाली नेतृत्वको सरकारमा प्रदेशको आन्तरिक मामिला तथा कानुनमन्त्रीको जिम्मेवारी बहन गरिसक्नुभएको थियो।

त्यसै गरी लमजुङका डा.टकराज गुरुङलाई आर्थिक मामिला मन्त्रालयको जिम्मेवार दिनु भएको हो । लमजुङका प्रदेशसभा सदस्य डा. टकराज गुरुङ गण्डकीको अर्थमन्त्री बन्ने भएका छन्। अर्थशास्त्रमा स्नातकोत्तर र पर्यटनमा विद्यावारिधि गरेका गुरुङले पद तथा गोपनीयताको शपथ लिएका छन् । नेपाली कांग्रेस संसदीय दलका नेता पाण्डेलाई संविधानको धारा १६८ (३) बमोजिम प्रदेश प्रमुख भट्टले बुधबार नै मुख्यमन्त्रीमा नियुक्त गर्नु भएको थियो। १४ जेठमा सर्वोच्च अदालतमा न्यायाधीश कुमार रेग्मी र सुनिलकुमार पोखरेलको संयुक्त इजलासले तत्कालिन मुख्यमन्त्री खगराज अधिकारीले प्राप्त गरेको विश्वासको मत प्राप्त गरेको विधि र प्रकृया असंवैधानिक ठहर गर्दा उहाँ पद मुक्त हुनु भएको हो।

सर्वोच्च अदालतले अधिकारीलाई पदमुक्त हुने फैसला गर्दै कांग्रेस नेता एवं पूर्व मुख्मन्त्री समेत हुनु भएका पाण्डेलाई ४८ घण्टा भित्र मुख्यमन्त्री नियुक्त गर्न प्रदेश प्रमुखलाई आदेश दिएको थियो।

## पर्यटन राजधानी पोखरा: अनुशासन र नैतिकताको सहर

पोखरापत्र संवाददाता
पोखरा, १६ जेठ

"पोखरालाई अनुशासन र नैतिकताको सहर बनाउनुपर्छ, यसलाई स्वस्थ, सुरक्षित र धुलोरहित सहरका रुपमा विकास गर्नु आवश्यक छ ।" पोखरा महानगरपालिका सहरी योजना आयोगद्वारा आयोजित पर्यटन राजधानी पोखरा एकीकृत रणनीतिक कार्ययोजना निर्माणसम्बन्धी परामर्श बैठकमा रुपाताल पुनःस्थापना तथा मत्स्य सहकारी संस्थाका अध्यक्ष शिवराज अधिकारीले भन्नुभयो।

'युएसएआइडी'को प्राविधिक सहयोगमा महानगरपालिकाले तयार गरिरहेको रणनीतिक कार्ययोजनाका सम्बन्धमा आयोजित परामर्श कार्यक्रममा सरोकारभएका क्षेत्रका प्रतिनिधिले अधिकारीजस्तै पोखरालाई विश्वकै उत्कृष्ट गन्तव्य बनाउन आआफ्ना तर्फबाट विभिन्न सुझाव दिएका थिए।

तालैतालको सहरको उपमा पाएको पोखराका तालबाट रु ३० करोड बराबरको स्वस्थवर्द्धक माछा उत्पादन गर्न सकिने अधिकारीले बताउनुभयो। पर्यापर्यटनकालागिपोखराउपयुक्त गन्तव्य भएको उल्लेख गर्दै उहाँले ठूलो सङ्ख्याका विदेशी चराहरू रुपातालमा आउने विषयलाई पर्यटनसँग जोड्न सकिने धारणा राख्नुभयो । पर्यटन राजधानी पोखराको रणनीतिक कार्ययोजनामा प्राविधिकको रुपमा काम गरिरहनुभएका डा प्रनिल नेपाल उपाध्यायको प्रस्तुतिपश्चात् छलफलमा अधिकांश सहभागीले पोखराको प्राकृतिक सुन्दरता नबिगार्ने गरी पर्यटनका दीर्घकालीन योजना तयार गर्न सुझाएका थिए।

कार्यक्रमका सहभागीले पोखरा आसपासका भरतपोखरीको मल्लकालीन कोट भैरव मन्दिर, फोक्सिङकोट, ठूलाकोट, बेगनास कोट, कास्कीकोटलगायतका स्थानको प्रवर्द्धन र पर्यटकीय उपयोग हुनुपर्नेमा जोड दिएका थिए । उक्त अवसरमा पछिल्लो समयमा आएका पोखरा प्रवेशद्वार तल्लो गगनगौडास्थित हेल्मेट डाँडा, कालिका मन्दिरलगायतको पर्यटकीय उपयोगमा जोड दिइएको थियो।

पोखरा पर्यटन परिषद्का सदस्य जीवनराज सापकोटाले पोखरा प्राकृतिक सहर भएका कारण आसपासका टाकुरामा टावरजस्ता संरचना निर्माण गर्न नहुने बताउनुभयो। निर्माणाधीन तालबाराही मन्दिरलाई चाँडो सम्पन्न गर्नुपर्ने र पोखरा क्षेत्रका पुराना चौतारा तथा कुवाको संरक्षण गर्नुपर्नेमा उहाँको जोड थियो । फेवातालको किनारामा रहेको माछापुच्छ्रे विम्ब पार्कलाई राम्रो र व्यवस्थित बनाउनुपर्ने सुझाव दिनुहुँदै सापकोटाले केआइसिंह पुल आसपासका क्षेत्रमा सेती नदीमा ठाउँ ठाउँमा ढल मिसाइएकोप्रति ध्यानाकर्षण गराउनुभयो । मैदी ताल मत्स्य तथा कृषि पर्यटन सहकारी संस्थाका अध्यक्ष भरतप्रसाद तिवारीले पोखरामा रहेका तालको आआफ्नै महत्व रहेकाले यी तालको संरक्षणका लागि बहुवर्षीय योजना ल्याउनु आवश्यक रहेको बताउनुभयो । "संसारभरका चराहरू आएर बस्ने ठाउँ मैदी ताल हो, पोखरा उपत्यकाभरिका कुइरे बकुल्ला बस्ने ठाउँ पनि यही हो", उहाँले भन्नुभयो, "यहाँका विविधता र महत्वलाई हामीले पर्यटनसँग जोड्नु आवश्यक छ ।" सिमसार क्षेत्र र चराको बासस्थान नबिगार्ने गरी यहाँको समग्र पर्यटकीय विकास गर्नु अपरिहार्य भएको उहाँले बताउनुभयो। गाउँ पर्यटन प्रवर्द्धन मञ्च (भिटोफ)का पूर्वअध्यक्ष एवं पोखरा महानगरपालिका होमस्टे व्यवस्थापन समितिका संयोजक उदय सुवेदीले ग्रामीण घरवास (होमस्टे) गण्डकीबाट सुरु भएको बताउँदै गाउँ पर्यटनलाई समेटेर पर्यटकीय विकास गर्नुपर्ने बताउनुभयो । पछिल्ला समयमा पदयात्रा मार्ग मासिँदै गएकोप्रति गम्भीर बन्नुपर्ने उहाँको सुझाव थियो । पोखरा उद्योग वाणिज्य सङ्घका अध्यक्ष पवनकुमार प्रजापतिले सरकारले १६ लाख विदेशी पर्यटक नेपाल भित्रने कुरा गरिरहेका अवस्थामा पोखरामा शतप्रतिशत आउने वातावरण तयार गर्न आवश्यक रहेको बताउनुभयो। पर्यटकलाई लक्षित गरी पोखरामा पर्यटन गतिविधि विस्तारसँगै वातावरणीय स्वच्छता कायम गर्ने किसिमका गतिवधि बढाउन उहाँले जोड दिनुभयो । पोखरा महानगरपालिका आर्थिक महाशाखा प्रमुख मनोहर कडरियाले स्थानीय उत्पादनमा जोड दिंदै गाउँ र सहरको साझेदारी


बाँकी अन्तिम पृष्ठमा ▶▶


## महिलाले राष्ट्रको नेतृत्व लिन अग्रसर हुनुपर्छ : पूर्वराष्ट्रपति भण्डारी

रासस
काठमाडौं, १६ जेठ




पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले महिलाले मुलुकको नेतृत्व लिन अग्रसर हुनुपर्ने बताउनुभएको छ।

राष्ट्रिय महिला दिवसको अवसरमा नेकपा (एमाले)द्वारा आज यहाँ आयोजित राष्ट्रिय महिला भेलाको उद्घाटन गर्दै उहाँले राष्ट्रको नेतृत्व लिन महिला अग्रसर हुनुपर्नेमा जोड दिनुभएको हो।

"नेतृत्वमा रहेका महिलाले पेसा, वर्ग र महिलाका सामुदायिक मुद्दाहरूका साथै महत्वपूर्ण राष्ट्रिय मुद्दामा पहलकदमी लिँदै राष्ट्रको नेतृत्व लिन अग्रसर हुनु पर्दछ", उहाँले भन्नुभयो, "संविधानले जनताका आधारभूत अधिकार हरूलाई मौलिक हकको रूपमा सुनिश्चित गरिसकेको छ। यसको व्यवहारिक कार्यान्वयनमार्फत जनताको जीवनमा सार्थक र सकारात्मक परिवर्तन ल्याउन सामाजिक न्यायसहितको आर्थिक समृद्धि हासिल गर्ने दिशातर्फ मुलुकलाई अघि बढाउनुपर्ने दायित्व हाम्रो काँधमा आएको छ।"

उहाँले महिलाको अधिकार संविधानमा संस्थागत भए पनि अझै समाजमा विद्यमान पितृसत्तात्मक सोच, गरिबी, अशिक्षा, अन्धविश्वास र कतिपय कुप्रथाका कारण संविधान र कानुनद्वारा प्रदत्त अधिकारहरूको व्यवहारिक कार्यान्वयनमा चुनौती बाँकी रहेको बताउनुभयो । महिलाका मुद्दालाई केन्द्रविन्दुमा राखेर छलफल र अन्तक्रिया गर्नुपर्ने उहाँको भनाइ थियो।

"राज्यका तर्फबाट गरिएका संवैधानिक, नीतिगत, कानुनी तथा संरचनागत व्यवस्थाका कारण राज्यका महत्वपूर्ण निकाय तथा सङ्घ, प्रदेश र स्थानीय तहका जनप्रतिनिधिमूलक संरचनामा एक तिहाइ महिलाको प्रतिनिधित्व सुनिश्चित भएको छ", उहाँले भन्नुभयो, "तथापि, समाजका आधा हिस्सा ओगटेका महिलाका लागि एक तिहाइ सहभागिता पूर्ण उपलब्धि भने हैन । तसर्थ प्राप्त उपलब्धिको रक्षा गर्दै थप उपलब्धिका लागि हामीले प्रयास जारी राख्नु पर्दछ ।" उहाँले व्यक्तिगत सचेतना वा सशक्तीकरणमा मात्र सीमित नभई महिला मुक्तिको सवाललाई समग्र सामाजिक मुक्ति वा रुपान्तरणको विषयसँग जोड्न सक्नुपर्ने बताउनुभयो । जननेता मदन भण्डारीद्वारा प्रतिपादित जनताको बहुदलीय जनवादद्वारा निर्देशित रुपान्तरणकारी वैचारिक धारबाट नेपाली महिला आन्दोलनको नेतृत्व गर्दै आएको उहाँको भनाइ थियो।

उहाँले मुलुकको राष्ट्रिय अर्थतन्त्रले धेरै गम्भीर प्रकारका चुनौतीको सामना गरिरहेको उल्लेख गर्नुभयो । मुलुकमा उपलब्ध प्राकृतिक स्रोत, सांस्कृतिक सम्पदा र युवा जनशक्तिको सदुपयोग गर्दै उद्योगको विकासमार्फत स्वदेशी उत्पादन र उत्पादकत्वमा वृद्धि गर्दै स्वावलम्बी र आत्मनिर्भर राष्ट्रिय अर्थतन्त्रको विकास गर्नुपर्ने उहाँले बताउनुभयो।

विसं २०६३ जेठ १६ गते प्रतिनिधिसभाद्वारा महिला अधिकारसम्बन्धी महत्वपूर्ण चारवटा 'विशेष प्रस्ताव' पारित गरिएको थियो।

उक्त 'विशेष प्रस्ताव'लाई तत्कालीन अन्तरिम संविधानले आफ्नो अङ्गको रूपमा ग्रहण गरेको थियो । विसं २०७२ सालमा जारी संविधानले त्यसलाई थप संस्थागत गरेको छ। सोही विशेष प्रस्ताव पारित भएको दिनको सम्झनामा एमालेले महिला भेलाको आयोजना गरेको हो।


संघीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ बनाऔं

- संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था सुदृढीकरणमा योगदान गरौं,
- लोकतन्त्रको संरक्षण र प्रवर्द्धन गरौं,
- राज्यलाई जनताप्रति उत्तरदायी बनाऔं,
- कानूनी शासन सुनिश्चित गरौं,
- व्यक्तिगत स्वतन्त्रता र मानवाधिकारको सम्मान गरौं,
- लोकतान्त्रिक अधिकारको उपभोग गर्न पाउने अवस्था सुनिश्चित गरौं,
- संविधान र कानूनको पालना गरी नागरिकको कर्तव्य निर्वाह गरौं,
- गणतन्त्रलाई जीवनशैली र संस्कारको रुपमा अवलम्बन गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर, पम्पलेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# नदीपुरमा हुने किड्स कप भेट्रान्स भलिबलको तयारी अन्तिम चरणमा

**पोखरापत्र संवाददाता**
पोखरा, १६ जेठ

पोखरामा क्रियाशिल युनाइटेड किड्स क्लबको आयोजनामा हुने प्रथम खुल्ला भेट्रान्स (३५ प्लस) भलिबल प्रतियोगिताको तयारी अन्तिम चरणमा पुगेको छ । पोखरा महानगरपालिका-३ नदीपुरस्थित छन्त्याल समाजको भलिबल कोर्टमा यही १८ र १९ गते सञ्चमलन हुने प्रतियोगिताको तयारी अन्तिम चरणमा पुगेको क्लबका सचिव अशोक थापाले जानकारी दिए । उनका अनुसार



अहिले १५ टिम दर्ता भइसकेको छ । सो प्रतियोगितामा दर्शकका लागि भने प्रवेश निशुल्क गरिएको छ ।

अनुमानित २५ बढी टिमको सहभागिता रहने सो प्रतियोगिताको विजेताले ४० हजार, उपविजेताले २५ हजार रुपैयाँ पुरस्कार प्राप्त गर्ने थापाले बताए । उनका अनुसार खुल्ला भेन्ट्रान्स पुरुष भलिबल प्रतियोगितामा ३५ वर्ष माथि उमेर समूहले मात्र सहभागिता जनाउन पाउनेछन् । खेल जीवनलाई ताजा बनाइराख्न र आपसी भाइचारालाई कायम गर्नका लागि ३५ वर्ष माथिका खेलाडीहरुलाई लक्षित गरेर प्रतियोगिता आयोजना गरिएको युनाइटेड किड्स क्लबले जनाएको छ ।

# पश्चिमाञ्चल माविमा 'सेल्फ मेकअप' सम्बन्धी तालीम

**पोखरापत्र संवाददाता**
पोखरा, १६ जेठ

गैह्रापाटनस्थित पश्चिमाञ्चल माविले एकहप्ते सेल्फ मेकअप (स्किन केयर) सम्बन्धी निशुल्क तालिम सुरु गरेको छ । माध्यमिक शिक्षा परीक्षा (एसइइ) दिएका विद्यार्थीलाई लक्षित गर्दै विद्यालयले तालिम दिन थालेको हो । तालिममा ५० जना विद्यार्थी सहभागि छन ।

बुधबारदेखि सुरु भएको तालिम एकसाता चल्ने विद्यालयका प्राचार्य सरोज कोइरालाले बताए । कोइरालाका अनुसार पोखराकै आइरिस हेयर एण्ड ब्युटी केयर प्रालि. सँगको सहकार्यमा तालिम दिइएको छ । पश्चिमाञ्चल माविमा सैद्धान्तिक र आइरिस हेयर एण्ड ब्युटी केयरमा प्रयोगात्मक अभ्यास हुनेछ । एकसाता अवधिको यो तालिमले सुरुवाती चरणको सेल्फ मेकअप सम्बन्धि ज्ञान दिलाउने कोइरालाले बताए । विद्यालयका उच्च मावि संयोजक देव क्षेत्रीले सौन्दर्यताका सामाग्री कुनबेला कस्तो प्रयोग गर्ने भन्ने ज्ञान आवश्यक रहेको बताए । उनले अहिलेको सिकाईले विद्यार्थीलाई आगामि दिनमा यही क्षेत्रमा लाग्न प्रेरणा दिने बताए । पश्चिमाञ्चल फाउन्डेसनका पूर्व अध्यक्ष प्राडा विश्वकल्याण पराजुलीले एसइइ पछि बालबालिकालाई कामविहीन



अवस्थामा राख्नु भन्दा व्यस्ता बनाउनका लागि विद्यालयले पहल थालेको बताए । उनका अनुसार विद्यालयले सामाजिक उत्तरदायित्व अन्तर्गत अहिले निशुल्क तालिम दिन थालेको बताए । 'परीक्षा दिएर बसेका भाइबहिनी अहिले कामविहीन अवस्थामा छन । सुतेर समय कटाउनु भन्दा केही सीपमुलक काम सिक्दा ठिक हुने देखेर यो प्रयास थालेका हौ,' उनले भने । विद्यालयका अध्यक्ष प्राडा रामनाथ ओझाका अनुसार विद्यालयले आगामि शैक्षिक सत्रदेखि कक्षा ११ र १२ (प्लस टु) मा सौन्दर्य तथा केश कला विषयको पढाइ सुरु गर्न थालेको छ । त्यसका लागि आवश्यक सम्पूर्ण प्रशासनिक प्रक्रियाहरू पूरा गरी आउँदो कक्षा ११ को नयाँ भर्नाबाट यस विषयको कक्षा सञ्चालन हुन गइरहेको जानकारी दिए । तालिमपछि सौन्दर्यताको क्षेत्रमा भविश्य देख्नेका लागि यो विषयको महत्व रहेको उनले बताए । विस २०४९ मा स्थापना भएको पश्चिमाञ्चल माध्यमिक विद्यालयमा हाल नर्सरीदेखि १२ कक्षासम्मका कक्षाहरू सञ्चालन भइरहेका छन् । हालसम्म कक्षा ११ र १२ मा व्यवस्थापन, होटल व्यवस्थापन, विज्ञान, मानविकी र कानुन विषयको अध्ययन अध्यापन हुँदै आइरहेको छ । आइरिस हेयर एण्ड ब्युटी केयर प्रालिकी संचालक सोनम गुरुङले ब्यूटिसियन क्षेत्रमा जो कोहीका लागि अवसर रहेको बताईन । उनले स्वदेशमा मात्र नभई विदेशमा पनि यसको महत्व रहेको जानकारी दिईन ।

# कास्की जिल्ला स्तरीय छनौट प्रतियोगिता सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, १६ जेठ

प्रदेश खेलकुद परिषद, गण्डकी प्रदेश, पोखराको आयोजनामा एवं जिल्ला खेलकुद विकास समिति कास्की र कास्की जिल्ला टेबलटेनिस संघको सहकार्यमा टेबलटेनिस खेल विधामा आगामी ३० गते देखी हुने यु-१५ विद्यालय स्तरीय केन्द्रिय प्रतियोगिताको लागि छनोट प्रतियोगिता सुरु भयो ।



जेठ ३२ गते सम्म चल्ने प्रतियोगितामा कास्की जिल्ला स्तरीय छनौट प्रतियोगितामा छात्र तर्फ ओएल नअन इङलिस बोर्डिङ स्कुलका दिपनिशान शाही प्रथम, सगरमाथा निकेतन स्कुलका स्वर्णिम तिमिल्सिना द्बित्तिय, टप्स इङलिस बोर्डिङ स्कूलकका अनमोल घले तेस्रो र सगरमाथा निकेतन स्कुलका क्रितन थापा चौथो भएका छन् ।

त्यसैगरी छात्रा तर्फ श्रृजना बोर्डिङ कि सक्रिय पोखरेल प्रथम, श्रृजना बोर्डिङकि राजश्री अधिकारी द्बित्तिय र सगरमाथा निकेतन स्कुलकि एन्जल खड्का तृत्तिय र सगरमाथा निकेतन स्कूलकी श्रृष्टी खड्का चौथो भएका छन् । कास्कीवाट ११ वटा विद्यालय सहभागिता भएको जिल्ला छनोट प्रतियोगितामा छात्र छात्रा गरी आठ जना विद्यार्थी प्रदेश स्तरीय प्रतियोगिताको लागि छनोट भएका हुन् । प्रदेश स्तरीय प्रतियोगितामा विजयी भएमा यु-१५ को केन्द्रिय प्रतियोतिामा भागलिन पाइन्छ । सो प्रतियोगिता पोखरा रंगशालामा हुने टेबलटेनिसका खेलाडी गौतम लामाले जानकारी दिनुभयो ।

# पर्यटन...

हुने तवरले दिगो पर्यटनमा जोड दिनुपर्ने धारणा राख्नुभयो । गाउँ पर्यटन प्रवर्द्धन मञ्च(भिटोफ) गण्डकीका संस्थापक अध्यक्ष तारानाथ पहारीले पोखरा महानगरभित्रका २४ वटा भन्दा बढी वडाहरू डाँडैडाँडा भएको बताउँदै प्रत्येक वडाको विशिष्टता समेटेर प्रोफाइल तयार गरी पर्यटन विकासको योजना बनाउनु जरुरी रहेको धारणा राख्नुभयो । पर्यटनविज्ञ प्रा डा इन्द्रप्रसाद तिवारीले प्रशासनिक ढिलासुस्ती समस्याका रुपमा रहेको बताउँदै लक्षित योजनाको कार्यन्वयन पक्ष सबल बनाउनुपर्ने सुझाव दिनुभयो । पोखरामहानगरपालिकाकाप्रमुख धनराज आचार्यले हिप्पी पर्यटनको आगमनसँगै अघि बढेको पोखराको पर्यटन विगतमा स्वतस्फूर्तरुपमा बढेको भए पनि आगामी दिनमा त्यसलाई व्यवस्थित गरेर लैजानु जरुरी रहेको बताउनुभयो । वर्षौंदेखि चर्चामा रहेपनि घोषणा हुन नसेको पर्यटनको राजधानी घोषणा गर्न सफल भइएको बताउँदै उहाँले घोषणासँगै विभिन्न सम्भावना बढेर गएको जानकारी गराउनुभयो ।

पोखरा महानगरपालिका सहरी योजना आयोगका उपाध्यक्ष प्रेमलाल लामिछानेको अध्यक्षतामा सम्पन्न कार्यक्रममा आयोगका सदस्य सुरेन्द्रबाबु तिवारी, पोखरा पर्यटन परिषद्का महासचिव सञ्जयकान्त सिग्देल, महानगरपालिकाकापर्यटनमहाशाखा प्रमुख भरतराज पौडेल, नाट्टा गण्डकी प्रदेशका अध्यक्ष हरिराम अधिघकारी, पोखरेली ट्याक्सी प्रालिका अध्यक्ष शोभाकान्त पौडेल, रामजी शमालगायतले पर्यटन राजधानी घोषणासँगै गर्नुपर्ने कामकाबारेमा सुझाव दिनुभएको थियो ।

# पश्चिमाञ्चल एसइइ कपको उपाधि स्टेप बाइ स्टेपलाई

**पोखरापत्र संवाददाता**
पोखरा, १६ जेठ

पश्चिमाञ्चल माविले आयोजना गरेको प्रथम पश्चिमाञ्चल एसइइ कप फुटसल प्रतियोगिताको उपाधि पोखराकै स्टेप बाइ स्टेप माविले जितेको छ । विजेता स्टेप बाइ स्टेपले नगद २० हजार रुपैयाँ सहित उपाधि हात पाऱ्यो ।



उपविजेता रतुवा एफसी १५ हजार रुपैयाँ पायो । निर्धारित समयमा खेल २-२ गोलले बराबरी भएपछि टाइब्रेकरमा गएको थियो । टाइब्रेकरमा २-० गोल अन्तरले स्टेप बाई स्टेपले प्रतियोगिता जितेको हो । प्रतियोगितामा विभिन्न निजी र सामुदायिक गरि २६ वटा विद्यालयका टिम सहभागि थिए । 'स्वास्थका लागि खेल, राष्ट्रका लागि खेल' भन्ने अभिप्रायले पश्चिमाञ्चल माध्यमिक विद्यालयले यो प्रतियोगिता राखेको हो । समापनमा खेलकुद परिषद गण्डकीका उपाध्यक्ष ध्वजकुमार गुरुङ र विद्यालयका प्राचार्य सरोज कोइराला लगायतले उपाधि विजेता र उपविजेतालाई पुरस्कार दिएका थिए । गुरुङले युवापुस्तामा फुटसल खेलको क्रेज निकै नै बढेको बताए । उनले खेलले युवापुस्तालाई आकर्षण गरेको बताए ।

कास्की जिल्लाबाट यो वर्ष एसइइमा सहभागि विद्यार्थीबीच आपसी मित्रता तथा सद्भाव बढाउने उद्देश्यले यो प्रतियोगिताले राखेको विद्यालयका संयोजक देव क्षेत्रीले बताए ।

# जनहितमा जारी जरूरी सूचना

मानव वस्तीमा चितुवा प्रवेश गरी विशेष गरी बालबालिकालाई आक्रमण गरी घाइते बनाउने एवं मारेर खानेसम्मका दुःखद घटनाहरु घटीरहेका छन् । यसरी चितुवाको आक्रमणबाट हुने जनधनको क्षति वर्षेनी बढ्दो क्रममा देखिएकोले वन्यजन्तुको आक्रमणबाट बच्नको लागि सावधान होऔं । यस किसिमका घटनाहरुबाट बच्नको लागि आफ्ना बाबुनानीहरुलाई साँझ विहानको समयमा घरबाहिर निस्कन नदिने, निस्कनै पर्ने भएमा अभिभावकको साथमा सुरक्षित भएर निस्कौं ।


आफ्नो वस्ती नजिकै चितुवा देखेमा वा वस्तीमा प्रवेश गरेको जानकारी प्राप्त भएमा नजिकैको सुरक्षा निकाय वा डिभिजन वन कार्यालयमा जानकारी दिने तर चितुवा देखिएको स्थानमा भिड जम्मा भई नजिकै जाने वा होहल्ला गर्ने वा चितुवालाई कुनै पनि तरिकाले जिस्काउने कार्य नगरौं ।

**गण्डकी प्रदेश सरकार**
**आन्तरिक मामिला तथा कानून मन्त्रालय**
**पोखरा, नेपाल**
**सम्पर्क नः ०६१–४६७७३२/४६७७३३**


# कपालको उपचार

## कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

**सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

# प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

**प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।**

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्कः
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

# के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरूषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

**महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार**

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्वेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१–५८२५०८, ०६१–५७०६५१, ०६१–५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

आत्मा अमर छ, न यो जन्मन्छ न मर्छ । –गीता

## सम्पादकीय

# परम्पराबाट उठ्न नसकेको बजेट

अर्थमन्त्री वर्षमान पुनले आर्थिक वर्ष २०८१/०८२ का लागि १८ खर्ब ६० अर्ब रुपैयाँको बजेट ल्याएका छन्। चालु आवका लागि १७ खर्ब ५१ अर्बको बजेट आए पनि तत्कालीन अर्थमन्त्री डा. प्रकाशशरण महतले १५ खर्ब ३० अर्बको संशोधित खर्च अनुमान सार्वजनिक गरेका थिए। त्यस हिसाबले पुनले ल्याएको बजेट २१ प्रतिशतले वृद्धि भएको छ। बजेट भनेको आम्दानी र खर्चको हिसाब हो। चालु वर्ष डा.महतको बजेटमा १४ अर्ब २२ अर्ब राजस्व संकलन लक्ष्य राखे। जेठ १४ गतेसम्म ८ खर्ब ८६ अर्ब राजस्व संकलन भएको छ भने बाँकी ४५ दिनमा लक्ष्य पूरा हुन कठिन छ। अर्थमन्त्री पुनले राखेको १४ खर्ब १९ अर्ब रुपैयाँ राजस्व संकलन गर्ने लक्ष्य हासिल गर्न सबैको ईमानदार प्रयत्न हुनुपर्छ। राजस्वका दायरा वृद्धि नगरिएको हुँदा राजस्व संकलनको लक्ष्य पूरा गर्न राजश्व हिनामिना गर्नु आमाको रगत खानु बराबर हो भन्ने भावना भएका शासक र सेवक हुनुपर्छ। अर्थतन्त्र शिथिल छ, तसर्थ लक्ष्य पूरा हुन मुस्किल छ। आन्तरिक ऋण वृद्धि गर्ने भन्ने जुन योजना अर्थमन्त्रीले बनाएका छन्, त्यो राजस्व संकलन पूरा नहुने संकेत हो। बाह्य ऋण वृद्धि पनि कमजोर अर्थतन्त्रका लागि हितकर छैन। पुँजीगत खर्चका लागि गरेको विनियोजन रकम ३५२ अर्बभन्दा ऋणको सावाँ भुक्तानीमा १४ अर्ब बढी छुट्ट्याउनु परेको छ।

सबैलाई रिझाउन खोज्दा सामाजिक सुरक्षा भत्तामा बजेटको ठूलो हिस्सा छुट्ट्याउनु परेको छ। योगदानमा आधारित निवृत्तिभरणको बाटो नसमातेसम्म भत्ताको भार बढाउनु हुन्न।कहिल्यै पूरा नहुने सस्तो लोकप्रियतावादी कार्यक्रमलाई निरन्तरता दिने बजेट अर्थमन्त्रीका कमजोरी नै हुन्। सूचना प्रविधि क्षेत्रको विकासमा केन्द्रित हुन खोज्नु चाहिँ समयको पदचाप पछ्याउन खोज्नु हो। अहिलेलाई धेरै महत्वाकांक्षा नराखी र धेरै वितरणमुखी नभई बजेट ल्याउनुलाई सुखद मान्न सकिन्छ। परंरागत बजेटले देश कायपलट हुन सक्दैन।हाम्रो काम गर्ने क्षमता नभएको र पाएका बेला छोड्नु हुदैन भन्ने शाशक र प्रशाशक भएको बेला बजेट कार्यान्वयनमा आउन सकेमा यथार्थ परक हुनेछ। आगामी वर्षको बजेटमा चालूतर्फ ११ खर्ब ४० अर्ब ६६ करोड अर्थात् ६१.३१ प्रतिशत र पुँजीगततर्फ ३ खर्ब ५२ अर्ब ३५ करोड अर्थात् १८.९४ प्रतिशत बजेट विनियोजन भएको छ। उनले वित्तीय व्यवस्थापनतर्फ ३ खर्ब ६७ अर्ब १८ करोड अर्थात् १९.७४ प्रतिशत बजेट छुट्याएका छन्। यो खर्च अनुमान चालू आर्थिक वर्षको विनियोजनको तुलनामा ६.२ प्रतिशतले बढी र संशोधित अनुमानको तुलनामा २१.५६ प्रतिशतले बढी रहेको छ।

बजेटमा -सूचना प्रविधि क्षेत्रमा १० वर्षमा ३० खर्बको बराबरको सेवा निर्यात गर्ने लक्ष्य लिइएको छ। -५ लाख प्रत्यक्ष तथा १० लाख अप्रत्यक्ष रोजगारी सिर्जना गर्ने लक्ष्यसहित आगामी आर्थिक वर्षलाई सूचना प्रविधि दशकको प्रस्थान वर्षको रूपमा अगाडि बढाइने छ। सरकारले ५ लाख परिवारलाई लालपुर्जा दिने भएको छ। जुन पूरा हुन गाह्रो छ।-सरकारले पोडवे निर्माणको बजेट विनियोजन गरेको छ। यातायातको नयाँ प्रविधिको रूपमा नेपाल भित्रिएको पोडवे निर्माणको ढाँचा र सम्भाव्यता अध्ययन गर्ने भएको छ। -महिला लगानी वर्ष मनाउने घोषणा, प्रधानमन्त्री छोरी कार्यक्रमलाई १० करोड छुट्टाएको छ। यो गिज्याउने जस्तो भएको छ। -काठमाडौं विश्वविद्यालयमा सीता दाहाल मेमोरियल कलेज अफ न्याचुरोपेथी एन्ड योगिक साइन्स कलेज स्थापना र पूर्वाधार निर्माण गर्ने भएको छ। सरकारले मूल्यअभिवृद्धि करमा दर्ता भएका सबै करदाताले क्रमश अनिवार्य रूपमा विद्युतीय प्रणालीबाट बिजक जारी गर्नुपर्ने व्यवस्था गरेको छ। समस्याग्रस्त सहकारीमा पाँच लाखसम्मको बचत गरेका बचतकर्ताको रकम फिर्ता हुने भएको छ। सरकारी कार्यालयहरुमा अबदेखि विदेशी गलैंचा प्रयोग गर्न नपाइने भएको छ। -उद्यममा युवा सहभागिता बढाउन तथा स्टार्टअपलाई वित्तीय सहयोग गर्नका लागि सरकारले एक अर्ब रकम बराबरको स्टार्टअप कोष स्थापना गर्ने घोषणा गरेको छ। -काठमाडौं उपत्यका र बुटवलमा उच्च गतिको इन्टरनेट, विद्युत् र सुरक्षा लगायतका पूर्वाधारका लागि सूचना प्रविधि पार्क बनाइने भएको छ।

-०८१ देखि २०९१ सम्मको अवधिलाई कृषिमा लगानी दशक घोषणा गरिएको छ। -सरकारले आगामी वर्ष १६ लाख पर्यटक भित्र्याउने लक्ष्य राखेको छ। -भरतपुर, बुटवल र पोखरालाई गण्डकी त्रिभुज परियोजनाको रुपमा विकास गरिने भएको छ। यो तीनवटै शहरको आर्थिक गतिविधि बढाउने सकारात्मक पहल हो। -आगामी वर्ष ९ सय मेगावाट विद्युत थप हुने भएको छ। जनताको लगानीमा माथिल्लो अरुण बनाउनेछ। -विद्यार्थीको सिकाइ अभिवृद्धि गर्न साथीबाट सिक्ने र साथीलाई सिकाउने कार्यक्रम ल्याएको छ। -मदिरा, चुरोट र सुर्तीको अन्तःशुल्क बढाइएको छ। -आलु प्याज लगायतका तरकारी तथा फलफूलमा लाग्दै आएको भ्याट हटाउनु राम्रो हो।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : स्वास्थ्यमा सुधार | तुला | : शारीरिक झमेला |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : ब्यापारमा लाभ |
| मिथुन | : अप्रत्यसित लाभ | धनु | : शत्रुको भय |
| ककर्ट | : सत्कार मिल्नेछ | मकर | : झमेला बड्ने |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : कार्यमा सफलता |
| कन्या | : मानसिक तनाब | मीन | : शुभ यात्रा |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# टोल विकासका निशुल्क स्वास्थ्य परीक्षण



**पोखरापत्र संवाददाता**
पोखरा, १६ जेठ

पोखरा-९ स्थित वास्तोलाथर टोल विकास संस्थाको पहिलो साधारणसभाका अवसरमा आयोजित निःशुल्क स्वास्थ्य शिविरबाट एक सय २० टोलवासी लाभान्वित भएका छन्। उक्त अवसरमा थाइराइड, कोलस्ट्रोल, डायविटिज र युरिक एसिड सम्वन्धि परीक्षण गरिएको संस्थाले जनाएको छ। निःशुल्क स्वास्थ्य जाँचको क्रममा युआरएल पोखरा र सिटी डायविटिज न्यूरोड एण्ड हर्मन क्लिनिक प्रालि पोखरा-९ ले सहयोग गरेका थिए। कार्यक्रमका मुख्य अतिथि पोखरा ९ का वडाअध्यक्ष दिपेन्द्र मार्सानीले टोलवासी एक भएर अगाडि बढ्दै विकास निर्माणका काममा सहकार्य गर्न आव्हान गरेका थिए। सभालाई सल्लाहकारद्वय कृष्णप्रसाद कोइराला र शंकर देवकोटाले सम्वोधन गर्दै टोलको उन्नती र विकासबारे चर्चा गरी भावि कार्यक्रमबारे प्रकाश पारेका थिए। सचिव प्रकाश वास्तोला र कोषाध्यक्ष गणेशप्रसाद कोइरालाले सो अवसरमा आ-आफ्ना प्रतिवेदन प्रस्तुत गरेका थिए। कार्यक्रममा संस्थाका अध्यक्ष गोपाल वास्तोलाले धन्यवाद ज्ञापन गरेका थिए। कार्यक्रममा उपस्थिति सम्पूर्ण महानुभावलाई संस्थाका उपाध्यक्ष ध्रुव गुरुङले स्वागत गरेका थिए।

# बोड्गाखोलामा पुल निर्माण थालियो

**पोखरापत्र संवाददाता**
पोखरा, १६ जेठ

एक वर्षदेखि निर्माण व्यवसायी सम्पर्कविहीन बनेपछि अलपत्र बनेको बोड्गाखोला पुलको काम थालिएको छ।

बागलुङको तमानखोला गाउँपालिका-१ बोड्गादोभानमा निर्माणाधीन मोटरेबल पुलको काम गत चैतदेखि रोकिएको थियो। पुल निर्माणको जिम्मा पाएको कान्तिपथ कन्ट्रक्सनले अहिले पेटी ठेकेदारलाई काम गर्ने जिम्मा दिएपछि निर्माण सुरु भएको हो। निर्माण कम्पनी समय-समयमा सम्पर्कविहीन हुँदा करोडौंको योजना अलपत्र पर्दै आएको थियो।

विसं २०७७ पुस १६ गते सडक डिभिजन कार्यालय बागलुङसँग सम्झौता गरी काम सुरु भएको थियो। विसं २०७९ चैत ३० गतेसम्म निर्माण सम्पन्न गरिसक्नुपर्ने भए पनि हालसम्म करिब ५१ प्रतिशत मात्रै काम भएको सडक डिभिजन कार्यालयले जनाएको छ।

दुई वर्षमा निर्माण गरि सक्नुपर्ने पुल समयावधिसम्म नसकेपछि गत वर्ष चैत ३० गते एक वर्षका लागि म्याद थप गरेको सडक डिभिजन कार्यालयका इञ्जिनियर अमर अधिकारीले बताउनुभयो।

# सफा हिमाल अभियान : थप दुई शव निकालियो, ११ टन फोहर सङ्कलन

**रासस**
काठमाडौं, १६ जेठ

नेपाली सेनाको अगुवाइमा यसपटक सञ्चालन भइरहेको सफा हिमाल अभियानमा सहभागी टोलीले आजसम्म ४ मानव शव, केही अस्थिपञ्जर र ११ टन फोहर संकलन गरेको छ।

नेपाली सेनाको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले दिएको जानकारी अनुसार आजमात्रै दुई वटा शव निकालेर काठमाडौंको महाराजगञ्जस्थित शिक्षण अस्पतालमा ल्याइएको छ। सगरमाथा हिमालको बाल्कोनी ईलाका (८४३० मि) र ल्होत्से क्याम्प-४ ईलाका (७९०० मि) मा रहेको दुईवटा शवलाई आज हवाईमार्फत त्रिवि शिक्षण अस्पताल, महाराजगन्ज ल्याई फरेन्सिक ल्याबमा थप प्रक्रियाका लागि बुझाएको निर्देशनालयले जनाएको छ। गत चैत २९ गतेबाट सुरु भएको यस वर्षको सफा हिमाल अभियानअन्तर्गत हालसम्म सगरमाथा, ल्होत्से र नुप्त्से हिमालबाट ११ हजार किलो फोहो, ४ वटा मानव शव तथा केही मानव अस्थिपञ्जर सङ्कलन तथा व्यवस्थापन गरिएको नेपाली सेनाले जनाएको छ। विश्व वातावरण दिवस (ज्गलभ छ) मा समापन हुने यस अभियानले विश्वव्यापी चुनौतीको रूपमा रहेको वातावरण प्रदूषण तथा विश्व तापमानको असरलाई न्यून गर्न सचेतना फैलाउने एवं हिमालहरूमा थुप्रिएको फोहोर हटाउन सहयोग पुग्ने विश्वास लिइएको सेनाको छ।


## विमा लेख हरायो

लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडवाट जारि गरिएको निम्न लिखित बीमालेख हराएको हुँदा फेला पार्नुहुने महानुभावहरुले निम्नलिखित ठेगानामा सम्पर्क गर्न अनुरोध गर्दछु।
नामः पार्वती कुँवर
विमा लेख नं. १३००८१७६४
ठेगानाः पोखरा–२५ हेम्जा (पुरानो हेम्जा–९, कास्की )
सम्पर्क नं.: ९८०६६४७९२२

**सम्पर्क :**
**लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड**
**पोखरा शाखा**


# गुच्चाको गोली लागेपछि गाउँमा बाँदर देखिन छोडे

**पोखरापत्र संवाददाता**
गण्डकी, १६ जेठ

कास्की जिल्लाको मादी गाउँपालिका-१२ लिपेयानीमा यतिखेर बाँदर देखिएका छैनन्। स्थानीय गिरेन्द्र गुरुङले आविष्कार गरेको बन्दुक पड्काएपछि यस क्षेत्रमा बाँदर देखिन छाडेका हुन्।

"रूखमा आएको बाँदर नियन्त्रणका लागि बन्दुक पड्काउँदा लागेको गुच्चाको गोलीले एउटा बाँदर घाइते भएको थियो," गुरुङले भन्नुभयो, "घाइते बाँदरसहित सम्पूर्ण बथान कराउँदै भागे त्यसपछि यस क्षेत्रमै देखापरेका छैनन्।" लामो समयदेखि बाँदरले खेतबारी मात्र हैन घरभित्र पसेर भण्डारण गरेको अन्न समेत खाने, महिला एवं बालबालिकालाई आक्रमण गर्न थागेपछि विकल्पका रूपमा दुई महिनाअघि बन्दुक बनाएको उहाँले बताउनुभयो। "हाते पम्प, ग्यास लाइटको कक, काठ, युपिभिसी पाइपलगायत सामानबाट निर्माण भएको बन्दुकको नालमा एउटा गुच्चा राखेर बीच भागमा रहेको प्वालमा सेनिटाइजरको सहायताले आगो लगाएर बन्दुक पड्काउँदा ३० देखि ४० मिटरसम्म निसाना लाग्दछ", गुरुङले भन्नुभयो। उहाँका अनुसार चलाउन सुरक्षित रहेको बन्दुकको मूल्य रु सात हजारदेखि आठ हजारसम्म पर्दछ।

गुलेली र डेढ वर्षअघि बनाएको ठूलो आवाज आउने बन्दुकलाई बाँदरले नटेरेपछि युट्युबको सहायताले गुच्चाको गोली लाग्ने यन्त्र निर्माण गरेको बताउँदै ४५ वर्षीय गुरुङले भन्नुभयो, "अहिले त बाँदर मलाई र बन्दुक देखेपछि टाढैबाट भाग्दछ। यसअघि घर नजिकै रहेको बन्तरीको फल पाकेपछि रूखैभरि बाँदर हुन्थ्यो। अहिले फल पाकेर कुहिने अवस्थामा पुग्दा पनि बाँदर देखिएका छैनन्।"

विदेश जान मन नलागेपछि परिवारसँगै बसेर कृषि कर्म गर्दै आउनुभएका गुरुङले बन्दुक मात्र हैन हाते ट्र्याक्टर, मोटरसाइकल मर्मतदेखि खिर्रोको काठको सारङ्गी समेत बनाउँदै आउनुभएको छ। "बारीमा लगाएको बाली लाखुले खाने र नोक्सानी गरेर दुःख दिएको थियो। यस वर्ष भने बन्दुक पड्काएपछि बारीमा लगाएको काँक्रो राम्रो उत्पादन दिएको छ", स्थानीय रामकुमारी गुरुङले भन्नुभयो। उत्पादित काँक्रो आफूले खाएर बचेको बिक्री गर्दा रु १६ हजार आम्दानी भएको उहाँले जानकारी दिनुभयो।

रामकुमारीले भन्नुभयो, "विगतमा काँक्रा किनेर खानुपर्ने अवस्था थियो, गिरेन्द्रले बनाएको बन्दुक पड्काएपछि बाँदर देखिएको छैन बन्दुकले राम्रो काम गरेको छ।" उहाँको बारीमा यतिखेर काँक्रासहित खुर्सानी, बोडी, घिरौंला, करेलालगायत लहरे बाली फस्टाएका छन्।

मादी-१२ का वडासदस्य मिलन ढकालले बाँदरले किसानलाई निकै सास्ती दिएकाले गुरुङले आविष्कार गरेको बन्दुकको परीक्षण गरेर सफलताका आधारमा विस्तार गर्ने सोच बनाइएको बताउनुभयो। उहाँले भन्नुभयो, "बन्दुक बाँदर धपाउन प्रभावकारी हुने विश्वास छ।"

मुलुकभरि बाँदर आतङ्क बढेर किसानलाई सास्ती दिइरहेको वर्तमान अवस्थामा गुच्चाको गोलीसहितको बन्दुकले बाँदर नियन्त्रण भएपछि सो क्षेत्रका स्थानीय बासिन्दालाई खेती सुरक्षामा सहज भएको छ।

# धार्मिक पर्यटन प्रवर्द्धनका लागि सम्भावना खोज्दै जैमिनी

**पोखरापत्र संवाददाता**
बागलुङ, १६ जेठ

जिल्लाको जैमिनी नगरपालिकाले धार्मिक पर्यटन प्रवर्द्धनका लागि कालीगण्डकी कोरिडोरमा सम्भावनाको खोजी सुरु गरेको छ।

जैमिनी ऋषिको नामबाट नगरपालिकाको नामाकरण गरिएकाले धार्मिक पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले गौरवको आयोजनाका रूपमा रहेको कोरिडोरमा सम्भावनाको खोजी थालिएको हो। छिमेकी भारत र चीनलाई जोड्ने कोरिडोरको मध्य भागमा पर्ने जैमिनीले कृषि, उद्योग, पर्यटन र व्यापारको सम्भावना खोज्न थालेको नगरप्रमुख नरबहादुर पुनले बताउनुभयो। सोही सन्दर्भमा सरोकार भएकाहरूसँग 'कालीगण्डकी कोरिडोर र जैमिनीको सम्भावना' विषयमा मङ्गलबार अन्तरक्रिया गरेको थियो। विकाससँगै पर्यटनसँग जैमिनीलाई जोड्न छलफल गरी चरणबद्ध योजना बनाइने पुनको भनाइ छ। कोरिडोरले पूर्णता पाएसँगै जैमिनीमा थुप्रै अवसर तथा सम्भावना सिर्जना हुने भएकाले चरणबद्ध योजना बनाएर प्रभावकारी कार्यान्वयनका लागि पहल थालिने उहाँले बताउनुभयो। चीन र भारत जोड्ने कोरिडोरको मध्य भागमा नगरपालिका पर्ने भएकाले भारतबाट मुक्तिनाथ र चीनबाट लुम्बिनी आउने पर्यटकलाई एक दिन यहाँ रोक्नसके लाखौंको कारोबार हुनाका साथै रोजगारीका अवसर सिर्जना हुने नगरप्रमुख पुनले बताउनुभयो। "पछिल्लो समय यहाँ धार्मिक पर्यटक आउने क्रम बढेको छ", उहाँले भन्नुभयो, "मुक्तिनाथ, लुम्बिनी र अन्य क्षेत्रमा जाने पर्यटकलाई एक रात रोक्न सकियो भने यहाँको जीवनस्तर सुधार हुँदै जाने आशा गरेका छौं।" हाल कोरिडोरमा तीव्र गतिमा काम भइरहेको भन्दै करिडोर सञ्चालन भएसँगै पालिकामा सहज यातायात आवागमन हुन थालेपछि स्थानीय प्रत्यक्ष लाभान्वित हुने नगरप्रमुख पुनले बताउनुभयो। निर्माणाधीन कोरिडोरका कारण भारतीय पर्यटकको आवागमन बढेको उहाँको भनाइ छ। करिडोर सम्पन्न भएपछि भारतीय र चिनियाँ पर्यटकको सङ्ख्यामा वृद्धि हुने उहाँले बताउनुभयो।

"दुई ठूला देशको बीचमा मुलुक छ। ती दुवै देशलाई जोड्ने गरी निर्माण भइरहेको कालीगण्डकी कोरिडोर जैमिनी हुँदै गएकाले यहाँका थुप्रै सम्भावनालाई उजागर गरेको छ। कोरिडोरको काम सकिएपछि चीनका बौद्ध धर्मावलम्बीहरू लुम्बिनी जानेछन्भने भारतका हिन्दूहरू मुक्तिनाथ पुग्नेछन्", प्रमुख पुनले भन्नुभयो, "दैनिक सयौँको सङ्ख्यामा कोरिडोर हुँदै पर्यटक ओहोरदोहोर गर्नेछन्। जैमिनीको व्यापार, व्यवसाय, कृषि, पर्यटन र अन्य क्षेत्र चलायमान हुनाका साथै स्थानीयको जीवनस्तरमा परिवर्तन आउनेछ।"धार्मिकमहत्वबोकेकोक्षेत्र जैमिनीलाई अध्ययन अनुसन्धानको केन्द्रका रूपमा विकास गर्ने योजना रहेको नगर उपप्रमुख हरिहर शर्माले बताउनुभयो। अहिलेसम्म जैमिनीको पहिचान स्थापित हुन नसकेको भन्दै अब नगरपालिकाले गम्भीर भएर योजना कार्यान्वयनमा लाग्ने उहाँको भनाइ छ। अध्ययन-अनुसन्धानसँगै धार्मिक केन्द्रका रूपमा विकास गर्ने भन्दै लुम्बिनी, त्रिवेणीधामबाट मुक्तिनाथ, दामोदरकुण्डसम्म पुग्ने पर्यटकलाई जैमिनीसँग जोड्ने गरी कार्यसम्पादन गरिने उपप्रमुख शर्माले बताउनुभयो। "कालीगण्डकीको महिमा जोडिनाका साथै जैमिनीको ऋषिको तपोभूमि रहेकाले पनि यहाँ धार्मिक पर्यटक आउनेछन्", उहाँले भन्नुभयो, "यहाँ पर्यटकमैत्री संरचना निर्माण गर्नुपर्ने आवश्यकता छ।" कालीगण्डकी कोरिडोर जोड्ने गरी नगरपालिकाले छवटा रणनीतिक सडक निर्माण गरेकाले कोरिडोर हुँदै कुश्मिसेरा बजारबाट यहाँका धार्मिक तथा पर्यटकीय गन्तव्यमा पुग्न सकिने उपप्रमुख शर्माले जानकारी दिनुभयो। जैमिनीधाममा अहिले पनि भारतलगायत अन्य मुलुकबाट साधना गर्ने धेरै आउने गरेका भन्दै पर्यटकलाई बस्न सुविधायुक्त होटल तथा अन्य संरचना नभएको निजी क्षेत्रसँगको सहकार्य गरी यसको व्यवस्थापन गरिने उहाँले बताउनुभयो। "कालीगण्डकी कोरिडोर जैमिनी क्षेत्रवासीका लागि वरदान साबित हुनेछ, अहिले निर्माणको चरणमा छ। सञ्चालनमा आएसँगै जैमिनीका नागरिकाको आयस्रोत पनि बढ्नेछ। यसलाई अध्ययन-अनुसन्धानको केन्द्रका रूपमा विकास गर्ने योजना बनाएका छौँ", उपप्रमुख शर्माले भन्नुभयो, "धार्मिक केन्द्रका रूपमा विकास गर्न काम थालिसकेका छौं। अझै अन्य योजनाबद्ध काम गर्न बाँकी छ।" भारतको सुनौली नाकाबाट चीनको सिमाना मुस्ताङको कोराला नाकासम्म जोड्ने उत्तर-दक्षिण कालीगण्डकी कोरिडोर चार सय ३५ किलोमिटर छ। यसमध्ये बागलुङमा ३४ किलोमिटर पर्दछ। जैमिनी नगरपालिकामा मात्रै १९.५ किलोमिटर पर्दछ।


## एउटै व्यक्ति भएको सूचना

लमजुङ जिल्ला साविक पुरानकोट गाविस–६ हाल बेसीशहर नगरपालिका–४ निवासी भारतीय सेनाका भू.पू. सैनिक राइफलमेन ५७४२९९४–२/८ जी.आर का धनबहादुर गुरुङको पेन्सन डकुमेन्टमा श्रीमतीको नामथर कान्छी गुरुङ भएको र निजको नेपाली नागरिकतामा धन कुमारी गुरुङ भई फरक परेता पनि दुबै नामथर गरेको व्यक्ति अलगअलग नभई एउटै व्यक्ति भएको सार्वजनिक जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।



# मुस्ताङमा एकीकृत च्याङ्ग्रा फार्म स्थापना

**रासस**
मुस्ताङ, १६ जेठ



व्यावसायिक च्याङ्ग्रा खेतीको विकास गर्न र स्थानीय समुदायलाई आर्थिक रूपमा सशक्त बनाउने उद्देश्यले माथिल्लो मुस्ताङको लोमान्थाङमा च्याङ्ग्रा पस्मिना रिसर्च एन्ड एग्रो टुरिजम फार्मको स्थापना गरिएको छ । नेपालको पहिलो एकीकृत च्याङ्ग्रा फार्मका रूपमा स्थापना भएको यस फार्ममा एक हजारभन्दा बढी च्याङ्ग्रापालन गर्न मिल्ने क्षमता रहेको छ।

स्थानीय च्याङ्ग्रा किसान र नेपाल पस्मिना उद्योग सङ्घको संयुक्त पहलमा स्थापना भएको उक्त फार्मले आधुनिक च्याङ्ग्रापालनको अभ्यासलाई दिगो कृषि पर्यटनसँग एकीकृत गर्नका लागि नयाँ आयाम प्रदान गर्ने विश्वास गरिएको छ। यो फार्म यस व्यवसायसम्बन्धी ज्ञान आर्जन र आदानप्रदान गर्ने केन्द्रका रूपमा रहनाका साथै च्याङ्ग्रा प्रजनन र पालनमा विशेषज्ञता र उत्कृष्ट अभ्यासहरूलाई बढावा दिनका लागि उपयोगी हुने सङ्घले जनाएको छ । नेपालका लागि युरोपियन युनियन (इयु) की राजदूत भेरोनिक लोरेन्जोले आज सो फार्मको उद्घाटन गर्दै उच्च गुणस्तरको च्याङ्ग्रा फाइबरको भरपर्दो स्रोत सिर्जना गरी पस्मिना मूल्य शृङ्खलालाई बलियो बनाउने बताउनुभयो । राजदूत लोरेन्जोले च्याङ्ग्रापालनमा युवा र महिलाको महत्वलाई ध्यानमा राखी स्थानीय रोजगारीका अवसरहरू सिर्जना गर्न र ग्रामीण बसाइँसराइको समस्या समाधान गर्न उनीहरूलाई यस व्यवसायमा अझ बढी प्रोत्साहित गर्नुपर्नेमा जोड दिनुभयो। सो अवसरमा लोमान्थाङ गाउँपालिकाका अध्यक्ष टासी नोर्बु गुरुङले स्थानीय सरकारले च्याङ्ग्रा किसानका लागि अनुदान मिलाउने जस्ता कार्यक्रम आफ्नो वार्षिक योजनामा समावेश गरी सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । अन्तर्राष्ट्रिय च्याङ्ग्रा विज्ञ डा. सरफराज बानीले दिगो अभ्यासलाई प्रवर्द्धन गर्दै व्यावसायिक च्याङ्ग्रा खेतीमा क्रान्तिकारी परिवर्तन गर्ने सम्भाव्यताबारे चर्चा गर्दै फार्मको प्राविधिक डिजाइन प्रस्तुत गर्नुभएको थियो।

राजदूत लोरेन्जोले इयू-नेपाल व्यापार तथा लगानी कार्यक्रमको प्राविधिक सहयोगमा स्थापना भएको पस्मिना फाइबर सङ्कलन केन्द्रको अवलोकन गर्नुभयो । नेपालको पस्मिना क्षेत्रको मूल्य शृङ्खला मजबुत बनाउन युरोपियन युनियनले निरन्तर सहयोग गर्दै आएको छ।

# सयौँ वर्ष पुरानो 'लिङ्गो जुधाउने' अनौठो संस्कृतिको निरन्तरता

**रासस**
म्याग्दी, १६ जेठ



म्याग्दीको रघुगङ्गा गाउँपालिका-४ दग्नाममा दुई गाउँबीचमा 'लिङ्गो जुधाउने' अनौँठो संस्कृतिले निरन्तरता पाएको छ । भूमे पूजाको अवसरमा यस गाउँमा सयौँ वर्ष पुरानो इतिहास बोकेको 'लिङ्गोजुधाउने' अनौठो प्रतिस्पर्धा गरिन्छ।

मङ्गलबार दग्नामका गैरी र कान्छी गाउँबिचमा भएको लिङ्गोजुधाइमा गैरी गाउँ विजयी भएको छ । प्रकृति पूजाको रूपमा चिनिने भूमे पूजामा भूमे देवतालाई खुसी बनाउन दुई गाउँबिचको लिङ्गो जुधाउने प्रतियोगिता सम्पन्न भएको स्थानीय अगुवा धनिलाल गर्वुजाले बताउनुभयो । "यो संस्कृति पूर्खादेखि नै चल्दै आएको छ, हरेक वर्ष भूमे पूजामा यहाँ दुई गाउँका लिङ्गो जुधाउने प्रतियोगिता हुन्छ,"- उहाँले भन्नुभयो । दग्नाममा गैरी गाउँ, कान्छी गाउँ, माझिगाउँ र डाँडागाउँ गरी चार वटा टोल रहे पनि यस प्रतियोगितामा भने हरेक वर्ष गैरी र कान्छी गाउँले मात्रै सहभागिता जनाउने गरेका छन् । मङ्गलवार दुई गाउँबाट छुट्टाछुट्टै रूपमा ध्वजापतकाले सिगारिएका अग्ला बाँसको लिङ्गो बोकेर मुन्का डाँडामा पुगेका स्थानीयले एकैसाथ लिङ्गो ठडाएर प्रतिस्पर्धा गराएका थिए । पुर्ख्यौलीनाच, सोरठी भाका र पञ्चेबाजासहितको उत्सवकाबीच मङ्गलबार बिहान भूमे देवताको पूजागरेपछि दिउँसो भूमे देवतालाई खुसी बनाउनका लागि स्थानीयले लिङ्गो जुधाएका हुन् । प्रतियोगितामा अग्ला-अग्ला सिगारिएका लिङ्गालाई प्रतिस्पर्धामा उतार्ने गरिन्छ । दग्नामको भूमे पूजालाई लिङ्गो जुधाइले सांस्कृतिक उत्सव बनाउने गरेको वडाअध्यक्ष पबिन गर्बुजाले बताउनुभयो ।"भूमे पूजालाई हामीले मौलिकता र परम्परालाई जोगाउने गरी मनाउँदै आएका छौँ, यसमा लिङ्गो जुधाइ सबैको लागि रुचि र चासोको विषय बन्ने गरेको छ, दुई गाउँबीचको प्रतिस्पर्धा देवतालाई खुसी बनाउने र आपसी सद्भाव बढाउन सहयोगी बन्ने गरेको छ"- उहाँले भन्नुभयो। दुई गाउँले लिङ्गो जुधाइलाई प्रतिष्ठाको विषय बनाउने गर्छन् । बाँसको लिङ्गो स्थानीय दग्नाम वरपरसँगै छिमेकीगाउँ राखुबाटसमेत लैजाने गरिन्छ। स्थानीयले लिङ्गो जुधाइलाई करिब चार सय वर्ष पुरानो संस्कृतिमा गन्ने गरेका छन् । भूमे पूजामा लिङ्गो जुधाइ हेर्न देश तथा विदेशमा छरिएर रहेका दग्नामवासी गृहगाउँ फर्कने गर्छन् भने छिमेकी गाउँबाटसमेत उल्लेख्य मात्रामा सर्वसाधारण मेला भर्न पुग्ने गर्छन् । यस पटकको लिङ्गो जुधाइको अवलोकनमा तीन सय बढी सहभागी भएका थिए।

जेठा भूमेको रूपमा चिनिने भएकाले दग्नामवासीले हरेक वर्षको जेठ महिनाको पहिलो वा दोस्रो साताको मङ्गलबारको दिन पूजा गर्ने चलन छ । खासगरी खेतीबाली राम्रो होस्, बाढीपहिरो, भूक्षय जस्ता प्राकृतिक प्रकोपको सिर्जना नहोस् भन्ने कामना गर्दै भूमे देवताको पूजा गरिन्छ । भूमे पूजाको अवसरमा स्थानीय एकता युवा क्लबले सांस्कृति तथा खेलकुद मेलासमेत आयोजना गर्दै आएको छ। यसवर्ष दग्नाममा पूर्ख्यौली नृत्यसहित विविध खेलकुद र सांस्कृतिक मेलाको आयोजना गरिएको क्लबले जनाएको छ।

# धाइरिङमा सिँचाइ आयोजना सम्पन्न

**पोखरापत्र संवाददाता**
पर्वत, १६ जेठ

पर्वतको जलजला गाउँपालिका-७ धाइरिङमा सञ्चालित लुङ्दीखोला-भेडावारी-दुलेपानीसिँचाइ आयोजना सम्झौता अवधिभन्दा ११ महिनाअगावै सम्पन्न भएको छ । सिँचाइ विकास डिभिजन कार्यालय पर्वतले १९ महिनामा निर्माण सम्पन्न गर्न २०८० भदौमा रु ९२ लाख ७७ हजारमा ठेक्का सम्झौता गरेको थियो।

ठेक्का सम्झौता भएको आठ महिनामै काम सम्पन्न भएर सिँचाइ योजनामा पानी सञ्चालन गरिएको सिँचाइ नहर उपभोक्ता समितिका अध्यक्ष चक्रपाणि पौडेलले जानकारी दिनुभयो । निर्माण व्यवसायीको सक्रियता, उपभोक्ताको जागरुकता र कार्यालयका तर्फबाट नियमित रूपमा सुपरीवेक्षण भएकाले काम थालेको आठ महिनामै पानी सञ्चालन गर्न सफल भएको उहाँले बताउनुभयो । सिँचाइ योजनाबाट यस क्षेत्रका करिब एक सय घरधुरीको झण्डै एक हजार रोपनी खेतबारीमा बाह्रै महिना सिँचाइ सुविधा पुगेको छ।

गण्डकी प्रदेश सरकारले चालु आर्थिक वर्षमा विनियोजन गरेको योजना जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय पर्वतले ठेक्कामार्फत कार्यान्वयन गरेको हो । भेडाबारीबाट एक हजार आठ सय मिटर टाढा रहेको ढल्केको टाकुरा नजिक रहेको लुङ्दीखोलाबाट पानी ल्याइएको जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयका इन्जिनियर रामचन्द्र तिमिल्सिनाले बताउनुभयो । उहाँका अनुसार मुहानमा इन्टेक, दुई स्थानमा क्रसिङ पुल र चारवटा वितरण च्याम्बर निर्माण गरी नहर विस्तार गरिएको छ। योजनामा कुलोको मुहानबाट भेडाबारीसम्म एक हजार आठ सय मिटर दूरीको पाइप लाइन जडान गरिएको छ । कमजोर भूभागका कारण नहर बनाउन असम्भव भएकाले पाइप लाइन जडान गर्दा सिँचाइ योजना दिगो हुने आशा गरिएको इन्जिनियर तिमिल्सिनाले बताउनुभयो । योजनामा पानी सञ्चालनमा आए पनि केही काम बाँकी रहेको र बजेटको अभावमा निर्माण व्यवसायीलाई करिब रु ७० लाख भुक्तानी गर्न बाँकी रहेको उहाँले जानकारी दिनुभयो।

विगत पाँच वर्षअघि मिलनचोक-सल्यना-घायखेत-धारापानी-ठोटनेरी सडक निर्माणका क्रममा पहिरोले क्षति पुर्‍याएपछि गण्डकी प्रदेश सरकारले चालु आवमा बजेट विनियोजन गरेर पुनःनिर्माण गरेको हो। सिँचाइ नहर पुरिएपछि यस क्षेत्रका किसानले अकाशे पानीका भरमा खेती गर्दै आएका थिए । तरकारी पकेट क्षेत्रसमेत रहेको यहाँ सिँचाइको अभावमा तरकारी उत्पादनमा समेत कमी आएको थियो। सिँचाइ योजना सम्पन्न भएसँगै भेडाबारी, दुलेपानी र लामाबगरका किसानहरू खेतमा सिँचाइ गर्न पाएपछि खुसी भएका छन् । सिँचाइ नहुँदा बाँझै भएको जमिनमा खनजोत गरेर बालीनाली लगाउन थालेको जलजला गाउँपालिका-७ का वडाध्यक्ष टुङ्गनाथ आचार्यले बताउनुभयो । वैशाखमा सिँचाइ योजना सम्पन्न भएसँगै पानी सञ्चालनमा आएपछि किसानले खेतबारीमा सिँचाइ गरेर खेती गर्न थालेको आचार्यले बताउनुभयो । वैशाख र जेठको खडेरीमा पनि पानी ल्याएर खेतबारीमा सिँचाइ गरेकाले खेतबारी हराभरा भएको उहाँले बताउनुभयो। बाह्रै महिना सिँचाइ सुविधा पुगेपछि यस क्षेत्रमा तरकारी उत्पादनमा समेत वृद्धि हुने अपेक्षा गरिएको छ । धाइरिङको सल्यान फाँटबाट बर्सेनि रु दुई करोडभन्दा बढीको तरकारी बिक्री हुने गरेको छ । सिँचाइ सुविधा नहुँदा तीन वर्षसम्म खेत बाँझै राख्नुभएका भेडाबारीका स्थानीयवासी लक्ष्मीप्रसाद आचार्यले यसपालि भने असारमै खेत रोप्ने तयारी गरेको बताउनुभयो। योजना सम्पन्न भएपछि स्थानीय किसानलाई धान रोपाइँ गर्न आकाशे पानी कुर्नुपर्ने बाध्यता अन्त्य भएको उहाँले बताउनुभयो।

# सुरक्षा टोलीसहित यार्सा सङ्कलनमा पुगे मनाङवासी

**नवीन लामिछाने**
मुस्ताङ, १६ जेठ/रासस

हिमाली जिल्ला मनाङमा अहिले औषधीय जडीबुटी यार्सागुम्बा सङ्कलन भइरहेको छ । यहाँ वैशाख १० गतेदेखि यार्सागुम्बा सङ्कलनको कार्य पहिलो गन्तव्य नाम्के खर्कबाट सुरु भएको हो। दोस्रो गन्तव्यका रूपमा रहेको फु गाउँमा जेठ १४ बाट यार्सागुम्बा सङ्कलनको अनुमति दिइएको छ।

जेठ १३ गतेदेखि पुर्जी काटेर मनाङवासीले मात्रै यार्सागुम्बा सङ्कलनका लागि अनुमति दिइएको नार्पाभूमि गाउँपालिकाका अध्यक्ष कोन्जो तेन्जिङ लामाले जानकारी दिनुभयो । उहाँका अनुसार अनुमति पाएका मनाङवासीले फु गाउँको लेकमा एक महिनासम्म यार्सागुम्बा सङ्कलन गर्नेछन् । विगतको घटनाबाट पाठ सिक्दै यार्सागुम्बा सङ्कलनलाई सुरक्षित र व्यवस्थित बनाउन लागिपरेको उहाँले बताउनुभयो । अध्यक्ष लामाले भन्नुभयो, "नार्पाभूमिको नार र फु संरक्षित तथा निषेधित दुवै क्षेत्र भएकाले सुरक्षाको दृष्टिबाट पनि विगतको जस्तो अवस्था नआओस् भनी मनाङवासीलाई मात्र यार्सागुम्बा सङ्कलन गर्न अनुमति दिने गर्छौं, हाललाई फु गाउँका लेकमा मात्र यार्सागुम्बा सङ्कलन गर्न पाइन्छ।" यार्सागुम्बा सङ्कलनका लागि रु ३५ हजार शुल्क तिर्नुपर्ने हुन्छ । शुल्क तिरी सकेपछि मात्र सङ्कलनका लागि पुर्जी दिइन्छ। फु गाउँको लेकमा यार्सागुम्बा सङ्कलकबाट उठेको रकमको ६० प्रतिशत संरक्षण क्षेत्र व्यवस्थापन समितिले राख्छ भने बाँकी ४० प्रतिशत गाउँपालिकाले राख्ने गरी पुर्जी काटिएको अध्यक्ष लामाले जानकारी दिनुभयो।

यसैगरी सङ्कलन भएको यार्सागुम्बाको प्रतिकिलो १० प्रतिशत निकासी कर लाग्ने उहाँले बताउनुभयो । यार्सागुम्बा सङ्कलनलाई सहज र सुरक्षित बनाउन प्रशासनले सुरक्षा टोलीसमेत खटाएको उहाँले बताउनुभयो । सङ्कलकलाई समस्या भएको खण्डमा पनि सुरक्षा टोलीले जानकारी प्रदान गर्ने र उद्धारका काम गर्ने गर्दछन्।

सुरक्षा व्यवस्थापन कडा

लेकका खर्कमा यार्सागुम्बा सङ्कलनको समयमा झैझगडा नहोस् भनी शान्ति सुरक्षा मजबुत पारिएको छ। नार्पाभूमि गाउँपालिकाको संयोजकत्वमा फू गाउँको यार्सागुम्बा सङ्कलनको समयमा शान्ति सुरक्षाको प्रयोजनार्थ च्याँखु र मेताका प्रहरी टोलीलाई त्यसतर्फ खटाइएको छ । च्याँखु प्रहरी पोष्टबाट एक महिनासम्म पाँच जनाको प्रहरी टोलीले यार्सागुम्बा सङ्कलकलाई सुरक्षा दिनेछ।

फुमा प्रहरीको दरबन्दी नभएकाले सो टोलीले एक महिनासम्म त्यहाँ बसेर यार्सागुम्बा सङ्कलकलाई सुरक्षा दिने अध्यक्ष लामाले बताउनुभयो । उहाँका अनुसार प्रहरी टोली बसोबासका लागि बन्दोबस्तीका सामानसहित रासनपानीको व्यवस्था गरी परिचालन गरिएको छ । यार्सागुम्बा टिप्ने क्रममा विसं २०६६ मा नारस्थित नाम्म्य खर्कमा गोरखाका सात जनाको स्थानीयले हत्या गरेका थिए। त्यसपछि सुरक्षा चुनौतीका कारण मनाङका साविकको नार र फु गाउँ विकास समितिमा यार्सागुम्बा सङ्कलन रोकिएको थियो । अहिले त्यस्ता घटना दोहोरिन नदिन अन्य जिल्लाका सङ्कलकलाई अनुमति दिइएको छैन । प्रमुख जिल्ला अधिकारी सुवासकुमार लामिछानेले सङ्कलनको रकममध्ये केही पालिकामा नै रहने भएकाले त्यस क्षेत्रको संरक्षण क्षेत्र व्यवस्थापन समिति (सिएमसी) सक्रिय हुनुपर्नेमा जोड दिनुभयो। उहाँका अनुसार जिल्लाभित्र यार्सागुम्बा सङ्कलनको याम सुरु भएसँगै सुरक्षा व्यवस्थामा कडाइ गरिएको छ । उहाँले भन्नुभयो, "हुन त पाँच जनाको टोलीले के नै सुरक्षा गर्न सकिन्छ र, तैपनि सुरक्षाकर्मी पनि छन् है ढुक्कसँग यार्सागुम्बा सङ्कलन गर्नुहोस् भनी आश्वत पार्न प्रहरी खटाएका छौँ।"

विगतको जस्तो अप्रिय घटना नहोस् भनी प्रहरी परिचालन गरिएको जनाउँदै उहाँले भन्नुभयो, "यसपाली मनाङवासीलाई मात्रै फुमा यार्सागुम्बा सङ्कलनका लागि अनुमति दिइएको छ, त्यस्तो अप्रिय केही नहोस् भन्ने हाम्रो कामना हो, यदि केही भइहाल्यो भने पनि पहिलो कारबाही भनेको संरक्षण क्षेत्र व्यवस्थापनलाई नै हुनेछ।" यसलाई व्यवस्थित गर्ने कानुन भनेको यससँग सम्बन्धित निर्देशिकामा यार्सागुम्बा सङ्कलन व्यवस्थापन संरक्षण समितिले गर्ने उल्लेख छ।

प्रजिअ लामिछानेले भन्नुभयो, "सुरक्षाकर्मी छन् भनेर सोच्यो भने हरेक क्षेत्र सुरक्षित हुन्छ, तर सुरक्षित बनाउन केही मात्रमा मात्रै हाम्रा सुरक्षाकर्मी खटाइएमा पनि त्यस क्षेत्रको सुरक्षा हुन्छ, सूचना समयमा दिने, आवश्यक सहयोग र समन्वय गर्ने कुरामा सहमति भएको छ।" अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) इलाका कार्यालयले यार्सागुम्बा सङ्कलनका लागि स्वीकृति दिएपछि मात्रै सङ्कलनका लागि खर्कतर्फ प्रवेश दिइने गरिन्छ। एक्यापका प्रमुख ढकबहादुर भुजेलले नार्पाभूमिका खर्कमा यार्सागुम्बा खोज्न बाहिरी जिल्लाका सङ्कलकलाई अनुमति नदिएको बताउनुभयो। उहाँका अनुसार जिल्लाका तीन खर्कमा यार्सागुम्बा सङ्कलनमा बाहिरी जिल्लाका व्यक्तिलाई रोक लगाइएको छ। नार्पाभूमिका अध्यक्ष लामाले सुरक्षा चुनौतीकै कारण बाहिरी जिल्लाबाट आउने यार्सागुम्बा सङ्कलकलाई रोक लगाइएको बताउनुभयो । उहाँले भन्नुभयो, "विगतमा भएको जस्तो घटना दोहोरिन दिनुहुँदैन भनेर स्थानीयलाई मात्र सङ्कलनको अनुमति दिँदै आएका छौँ।"

फस्टाएन यार्सा गत वैशाख १४ गतेदेखि मनाङको नाम्के खर्कबाट यार्सागुम्बा सङ्कलन भइरहेको छ । यसपालि विगतको तुलनामा थोरै मात्र सङ्कलन गरिएको छ । नासों-८ का वडाध्यक्ष एवं ताचै बगरछाप संरक्षण क्षेत्र व्यवस्थापन समितिका अध्यक्ष याद घलेले मलजल नमिल्दा यार्सागुम्बा साना मसिना भेटिएको बताउनुभयो । उहाँले भन्नुभयो, "जलवायु परिवर्तनका कारण समयमा हिउँ परेन, यार्साका लागि मल तथा जल भनेकै हिउँ हो, यसपालि बल्ल थाहा भयो समयमा हिउँ नपर्दा यार्सागुम्बा पनि कम सङ्कलन भएको छ, सङ्कलन गरिएका पनि साना, मसिना मात्रै छन्।" वैशाख १० गतेदेखि दुई सय जनाको टोली औषधीय जडीबुटी यार्सागुम्बा सङ्कलनको अनुमति लिएर नाम्के खर्कतर्फ गएको थियो । ताचैको टोली वैशाख २८ गते सङ्कलनका लागि गएको भए पनि जेठ ४ गते फर्कियो । घलेले भन्नुभयो, "सिङ्गो गाउँ नै खर्कतिर लाग्दा मृत्यु संस्कार चलाउनसमेत गाह्रो भयो, गाउँमा ५ गते अर्घौं परेको थियो, अर्घौं सकेर फेरि टोली लेक बसेका छन् ।" नाम्के खर्कमा मनाङवासीका अलावा अन्य गोरखा, लमजुङलगायतका जिल्लाका सङ्कलकलाई पनि यार्सागुम्बा सङ्कलनको अनुमति दिइएको छ।

नाम्के र हुलाकी ओडारका खर्कमा यार्सागुम्बा सङ्कलन कार्य सकिने क्रममा रहेको छ । मनाङमा यार्सागुम्बा पाइने क्षेत्रमा सङ्कलन गर्न जाने सङ्कलनले १० वटा यार्सागुम्बा टिपिएकामध्ये एउटा सोही स्थानमा छाड्नुपर्ने प्रावधान निर्धारण गरिएको छ । मनाङमा १३ वटा सिएमसीमध्ये हाल धारापानी, थोंचे र चामेले काम गर्न सकेको छैन।

दश वटा सिएमसीले भने काम गरिरहेको छ । जिल्लाका नाम्म्य खर्क, किन्चो लेक, याक खर्क, मनाङ, पिसाङ, खाङ्सार, भ्राका, नाम्के, हुलाकी, नार र फुका खर्कबाट औषधीय जडीबुटी यार्सागुम्बा सङ्कलन गरिन्छ । असारको पहिलो सातासम्म यार्सागुम्बा सङ्कलन कार्य सकिन्छ।

# स्वास्थ्य शिविरमा चार सय बिरामीको उपचार

**पोखरापत्र संवाददाता**
म्याग्दी, १६ जेठ

म्याग्दीको बेनी नगरपालिका-४ सिङ्गामा आयोजित निःशुल्क स्वास्थ्य शिविरमा चार सय ५७ बिरामीको उपचार गरिएको छ । दर्शन फाउण्डेसन र नेपाल रेडक्रस सोसाइटी सिङ्गा उपशाखाको आयोजना तथा बेनी अस्पताल र युनाइटेड रेफरेन्स ल्याबोरेटरी पोखराको प्राविधिक सहयोगमा स्वास्थ्य शिविर सञ्चालन गरिएको हो।

शिविरमा दुई सयभन्दा बढी व्यक्तिको रगत एवं पिसाब परीक्षण गरिएको नेपाल रेडक्रस सोसाइटी सिङ्गा उपशाखाका सभापति सुमन बानियाँले जानकारी दिनुभयो । शिविरमा वडा नं ४ सिङ्गाका सबै गाउँबस्तीसँगै छिमेकी वडाका बिरामीको पनि उपचार गरिएको थियो। शिविरबाट नशा र हाडजोर्नीको समस्या भएका बिरामीले बढीजसो सेवा लिएका छन्। शिविरमा पेट, छाती, मुटु, मधुमेह तथा थाइराइड, स्त्री तथा प्रसूतिरोग, हाडजोर्नी, नशा तथा बाथ रोगसम्बन्धी विशेषज्ञ स्वास्थ्य सेवा प्रदान गरिएको थियो। त्यसैगरी शिविरमा जनरल तथाल्याप्रोस्कोपीकसेवा,बाथरोगलगायतको निःशुल्क औषधि वितरण गरिएको सभापति बानियाँले बताउनुभयो । शिविरमा पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानका डा कृष्णराज अधिकारी, डा सरोजचन्द्र दाहाल, डा विराट शर्मा, डा राज गुरुङ, बेनी अस्पतालका डा अन्जु थापा, डा रामु सापकोटासहित ३५ स्वास्थ्यकर्मीको टोलीले बिरामीको स्वास्थ्य परीक्षण गरेको थियो । घरदैलोमा स्वास्थ्य शिविर आयोजना गरिएपछि आर्थिक अवस्था कमजोर भएका बिरामी बढिजसो लाभान्वित भएका बेनी नगरपालिकाका-४ का वडाध्यक्ष अणबहादुर खड्काले बताउनुभयो।